कृषिमा उत्पादन बढाउन किसानलाई ७ थरीका यन्त्र सहयोग । पृष्ठ ५ मा

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१७, अंक-२८ ● २०८१ माघ १४ गते सोमबार, ● 27 January, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

**मकवानपुरमा संघीय समपूरक अनुदान**

## थाहा नगरसहित ३ पालिकाको अनुदानको आकार घट्यो




विकास संवाददाता
थाहानगर

संघीय सरकारले प्रदेश तथा स्थानीय तहमा सञ्चालन गर्ने समपूरक अनुदानको नयाँ कार्यविधि जारी गरेको छ । समपूरक अनुदान कार्यविधि, २०७७ खारेज गरी नयाँ कार्यविधि जारी गरिएको हो । स्थानीय तहको वर्गीकरणसहित जारी गरिएको कार्यविधि अनुसार संघीय सरकारले स्थानीय सर कारको सम्पन्नताको आधारमा समपूरक अनुदान दिने भएको छ ।

कार्यविधि अनुसार स्थानीय सरकारलाई विभिन्न सात किसिममा वर्गीकरण गरेको छ । वर्गीकरणका आधारमा स्थानीय सरकारले २० देखि ८० प्रतिशतसम्म अनुदान पाउने भएका छन् । सम्पन्न पालिकालाई न्यूनतम २० र विपन्न पालिकालाई अधिक्तम ८० प्रतिशतसम्म समपूरक अनुदान दिने नयाँ कार्यविधिमा उल्लेख छ ।

मकवानपुरको १० पालिका मध्ये सबैभन्दा बढि अनुदान पाउने राक्सिराङ र कैलाश गाउँपालिका रहेको छ । कार्यविधि अनुसार ुखु वर्गमा परेका यि दुई पालिकाले संघीय सरकारबाट समपुरक अनुदान ७०/७० प्रतिशत पाउनेछन् । समपूरक अनुदानबाट छनोट भएका योजनाका लागि पालिकाले जम्मा ३० प्रतिशत बजेट विनियोजन पुग्ने भएको छ । त्यस्तै बागमती, भीमफेदी र इन्द्रसरोवर गाउँपालिका 'ग' वर्गमा परेका छन् । यि पालिकाले समपूरक अनुदानबाट सञ्चालन हुने योजनाका लागि संघीय सरकारबाट ६० प्रतिशत अनुदान पाउने छन् ।

त्यसैगरी मकवानपुरगढी र बकैया गाउँपालिका 'घ' वर्गमा परेका छन् । यि पालिकाले समपूरक अनुदानबाट सञ्चालन गर्ने योजनाहरूमा संघीय सरकारबाट ५०/५० प्रतिशत अनुदान पाउनेछन् । जिल्लकै एकमात्र नगरपालिका थाहा र गाउँपालिका मध्येको मनहरी एउटै वर्गमा परेका छन् । आर्थिक सामाजिक विकासको वञ्चितकरण सूचचाङ्कमा थाहा भन्दा अघि रहेको मनहरी र थाहा ुङु वर्गमा परेका हुन् । यि दुई पालिकाले संघीय समपूरक अनुदान जम्मा ४० प्रतिशत मात्र पाउने भएका छन् । हेटौंडा उपमहानगरपालिकाले भने संघीय सरकारबाट जम्मा २० प्रतिशत अनुदान पाउने भएको छ । हेटौंडा 'छ' वर्गमा परेको छ । यसअधिको कार्यविधिको आधारमा थाहा र मनहरीको १०/१० प्रतिशत समपूरक अनुदान घट्ने भएको छ भने हेटौंडाको ३० प्रतिशत घट्ने भएको हो ।

यसअघिको कार्यविधि अनुसार सबै पालिकाहरूले संघीय समपूरक अनुदानबाट सञ्चालन हुने योजनाका लागि ५० प्रतिशत अनुदान पाउँदै आएका थिए । नयाँ कर्यविधि अनुसार मकवानपुर को ३ वटा पालिकाले पहिले भन्दा कम अनुदान पाउने भएका छन् भने २ वटा पालिकाको यथावत ५० प्रतिशत नै र बाँकी ५ वटा पालिकाको संघीय समपूरक अनुदानको आकार बढ्ने भएको छ ।

## साविक स्थानीय निकायका कर्मचारीको सेवा निवृत्त सुविधा पालिकाबाटै व्यवस्था गर्नू

◆ विकास संवाददाता

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले साविक स्थानीय निकायमा कार्यरत् भई हाल पालिकामा समायोजन भएका कर्मचारीहरूको सेवा निवृत्त सुविधाको विषयमा थप स्पष्ट पारेको छ ।

मन्त्रालयले १३ माघमा ७५३ वटै स्थानीय तहलाई परिपत्र गरेर स्पष्ट पारेको मन्त्रालयका शाखा अधिकृत दिपेन्द्र पाण्डेले जानकारी दिए । स्थानीय तहमा समायोजन भई गएका कर्मचारीको सुविधाको सम्बन्धमा ९ पुसमा मन्त्रीपरिषदले गरेको निर्णयको सम्बन्धमा थप स्पष्ट पार्दै मन्त्रालयले पालिकाहरूलाई पत्राचार गरेको हो । परिपत्रमा साविक जिल्ला विकास समितिका कर्मचारीहरूको हकमा अर्को व्यवस्था नभएसम्मको लागि नेपाल सरकारले सेवा निवृत्त सुविधा उपलब्ध गराउने उल्लेख छ ।

पत्रमा स्पष्ट पार्दै भनिएको छ–'साविक जिविसमा नियुक्ति भइ गाउँपालिका/नगर पालिकामा समायोजन भएका र समायोजन ऐनको दफा ६ (३) बमोजिम प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएका समिति, आयोग, प्रतिष्ठान वा यस्तै प्रकृतिका संगठित संस्थाका स्थायी कर्मचारीको सेवा निवृत्त सुविधा अर्को व्यवस्था नभएसम्मका लागि नेपाल सर कारले उपलब्ध गराउने निर्णय भएको' उल्लेख छ ।

साविक गाउँ विकास समिति तथा नगरपालिकामा स्थायी नियुक्ति भई हाल गाउँपालिका तथा नगरपालिकामा समायोजन भएका कर्मचारीको अवकाश पश्चतको सुविधा उक्त निर्णयले नसमेटेको हुँदा साविकको व्यवस्था अनुसार नै गर्नुपर्ने व्यहोरा स्पष्ट गरिन्छ ।'

## चित्लाङ चन्द्रागिरि थानकोट सडक एक महिनापछि खुल्यो



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका र संघीय राजधान काठमाण्डौं जोड्ने छोटो दुरीको चित्लाङ थानकोट (गणेशमानसिंह मार्ग) एक महिनापछि खुलेको छ । मर्मत र स्तारोन्नतिका लागि भन्दै चित्लाङ चन्द्रागिरि थानकोट सडक गत ७ पुसदेखि बन्द गरिएको थियो ।

गणेशमान सिंह मार्गअन्तर्गत पानीघाटदेखी चन्द्रगिरि भञ्ज्याङसम्मको खण्ड स्तारोन्नति गरिएको हो । सडक स्तरोन्नतिका क्रममा उक्त सडकखण्ड पूर्णरूपमा बन्द गरिएको थियो ।

यस्तै, महालक्ष्मी–मातातिर्थ सडक भने २२ पुसदेखि बन्द गरिएकोमा सो सडक पनि खुलाइएको छ । महालक्ष्मी–मातातिर्थ सडकखण्डको इन्द्रसरोवर गाउँपालिका–५ स्थित महालक्ष्मी खोला नजिकै भिर कटानका लागि उक्त सडकखण्ड बन्द गरिएको थियो । भिर काट्ने काट्ने काम सकिएपछि उक्त सडकखण्डपनि सञ्चालनमा आएको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

दुबै सडक ८ माघबाट पुनः सञ्चालनमा आएका हुन् । यि सडकहर बागमती प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी जोड्ने छोटो मार्गमध्येका सडक हुन् ।

मकवानपुर प्रहरीका अनुसार हेटौंडा काठमाडौं जोड्ने कुलेखानी–फाखेल र कुलेखानी–सिस्नेरी–दक्षिणकाली सडक खण्ड भने अझै केहि दिन एकतर्फी मात्रै सञ्चालनमा रहने छ । उक्त दुबै सडकखण्डमा स्तारोन्नतीको कार्य चलिरहेकोले एकतर्फी सवारी सञ्चालन भइरहेको मकवानपुर प्रहरी प्रवक्ता डिएसपी श्यामु अर्यालले जानकारी दिए ।

## इन्द्रसरोवरले थाल्यो ज्येष्ठ नागरिक सम्मान

◆ विकास संवाददाता



मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले ज्येष्ठ नागरिकहरूको सम्मान, निःशुल्क स्वास्थ्य परीक्षण र खाजा कार्यक्रम गरेको छ । कार्यक्रम ११ माघदेखि १५ गतेसम्म सञ्चालन हुने भएको छ । यस अन्तर्गत पहिलो ११ माघमा पालिकाको ४ नम्बर वडामा भएको छ ।

कार्यक्रममा ६८ वर्ष माथिका जेष्ठ नागरिक, ६० वर्ष माथिका एकल महिला, ६० वर्ष माथिका दलित जेष्ठ नागरिक, 'क' वर्गको अपाङ्गता परिचयपत्र प्राप्त व्यक्ति तथा सरकारी सेवाबाट निवृत्त भई नियमित पेन्सन लिने ६८ वर्ष माथिका जेष्ठ नागरिकलाई मायाको चिनो वितरण गरिएको छ । ४ नम्बर वडाध्यक्ष चन्द्रकुमार बलको सभाध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष उमा कुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा कार्यपालिका सदस्यहरू, योजन अधिकृत दीपक चापागाई, वडा सदस्यहरू तथा अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो। कार्यक्रमले ज्येष्ठ नागरिकप्रतिको सम्मान र सेवा अभिवृद्धिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ । अन्य वडाहरूमा पनि क्रमशः कार्यक्रम सञ्चालन हुने जनाइएको छ ।

क्षयरोग सम्बन्धी जनहीतमा जारी सन्देश !

क्षयरोग रोकथाम र उपचारबाट नियन्त्रण हुने रोग हो । तलका लक्षणहरु मध्ये कुनै एक देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा गई निःशुल्क खकार जचाँऔं ।



थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



सबै क्षयरोगको जाँच उपचार स्वास्थ्य संस्थामा निःशुल्क पाइन्छ।
साथै, पूर्ण रुपमा औषधि सेवन गरे क्षयरोग निको हुन्छ।

## • सम्पादकीय •

### अध्यादेशका सबल पक्ष पनि छन्

नेपाल सरकारले अध्यादेशमार्फत जारी गरेका केही प्रावधान समसामयिक छ । विशेष गरी कानुनी क्षेत्रमा अदालतका सेवाग्राहीलाई यसले धेरै नै सहयोग पुग्ने देखिएको छ । यस अर्थमा सरकारले अध्यादेशबाट कानुन संशोधन गर्ने निर्णय विषयवस्तुको हिसाबले ठिक छ, तर प्रक्रियागत रूपमा हेर्दा यो संविधान विपरीत हो भन्नु नै पर्ने हुन्छ । संविधानमा भएका प्रावधान अक्षरशः कार्यान्वयन गर्ने हो भने अध्यादेशबाट कानुन संशोधन हुनै सक्दैन । सरकारले केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, भूमिसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश, लगानीसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश जारी गर्न पठाएपछि राष्ट्रपतिद्वारा ती अध्यादेश जारी भएको हो ।

सरकारले अध्यादेश जारी गरी ल्याएको प्रावधानमध्ये दुई वटा प्रावधान ज्यादै नै उपयोगी तथा समसामयिक छन् । यी प्रावधानले अदालतको सेवाग्राही जेलभित्र नबसी उसले आफ्नो जीविकोपार्जन गर्दै अदालतलाई सहयोग गर्न सक्ने वातावरण बनेको छ । भन्नेले त भ्रष्टाचारीलगायतलाई जेलभित्र नराखी बाहिर नै बसी निर्धक्क हिंड्न सक्ने वातावरण जारी भएको अध्यादेशले सिर्जना गरेको छ भनेका छन् तर त्यसो होइन । कतिपय अवस्थामा जिल्ला अदालतले दोषी ठहर भएका व्यक्ति माथिल्लो अदालतबाट निर्दोष देखिएका उल्लेख्य उदाहरण छन् । यस्ता व्यक्तिलाई सुरुमा नै जेलभित्र राखेर मुद्दाको कारबाही अगाडि बढाउँदा न्याय पर्न सक्दैन । यस कारण जारी भएको अध्यादेशमा सुरु अदालतमा धरौटी राखेको १५ प्रतिशत रकम उच्च अदालतमा दाखिला गरेपछि पुनरावेदन गर्न पाउने गरी ल्याइएको प्रावधान अत्यन्त उचित, उपयोगी र समसामयिक छ । यसै गरी अध्यादेशले ल्याएको अन्य प्रावधान पनि अपवादबाहेक उचित नै देखिएको छ । अध्यादेशबाट जारी भएको प्रावधानले देशमा लगानीमैत्री वातातवरण हुने र यसबाट अझ बढी वैदेशिक लगानी भित्रिने अवस्था सिर्जना भएको सम्बन्धित क्षेत्रका विज्ञहरूले भन्न थालेका छन् । अध्यादेशले स्थानीय तहमा प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्ष निलम्बन भएमा काम चलाउनका लागि के कस्तो तरिकाबाट नेतृत्व छान्ने भन्ने बारेमा पनि स्पष्ट प्रावधान किटान गरेको छ । छोटकरीमा भन्नुपर्दा अध्यादेशका अधिकांश प्रावधान मुलुकलाई चाहिने खालको नै रहेको छ ।

अध्यादेशबाट जारी गरिएका प्रावधान संसद्ले अनुमोदन गरेर लागु गरिएको भए सुनमा सुगन्ध हुने थियो । यसो गरेको भए सबैको अपनत्व हुने थियो । यस्ता उपयोगी प्रावधानलाई विधेयकमार्फत संसद्मा लगेर पारित गरिएको भए विपक्षी दलले पनि सहजै स्वीकार गर्ने थिए । अध्यादेशमार्फत जारी गरिएको भएर विपक्षी दलले पनि विरोध गर्ने मौका पाएका छन् । अध्यादेशसम्बन्धी सवैधानिक प्रावधान हेर्दा कानुनलाई अध्यादेशले संशोधन गर्न सक्दैन कि भन्ने पनि बुझ्न सकिन्छ । नेपालको संविधानको धारा ११४ को उपधारा (१) मा सघीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने छ भन्ने व्यवस्था गरिएको छ । यसै गरी उपदफा (२) मा उपदफा (१) बमोजिम जारी भएको अध्यादेश ऐन सरह मान्य हुने छ भन्ने प्रावधान छ । 'ऐन सरह' भनेको ऐन होइन, सरह मात्र हो ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा


| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# आत्महत्या पछाडिका कारण र कारक पहिचान गरौँ र समाधान खोजौँ



◆ सुशीला ढकाल

'आत्महत्या रोकथामबारे खुलेर संवाद गरौँ : दृष्टिकोण बदलौँ' मूल नाराका साथ यस वर्ष विश्व आत्महत्या रोकथाम दिवस (१० सेप्टेम्बर) मनाइने गरेको छ । यसरी वर्षेनी दिवस मनाइरहँदासम्म नेपालमा पछिल्ला वर्ष आत्महत्याको दरमा वृद्धि भइरहेको देखिन्छ । तसर्थ यस संकटलाई सम्बोधन गर्न सामूहिक जिम्मेवारीको बोध हुन आवश्यक छ ।

नेपाल प्रहरी र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पछिल्लो तथ्याङ्कले नेपालमा आत्महत्याको दर निरन्तर बढ्दै गएको देखाएको छ । सन् २०२३ मा सात हजार २२३ जनाले आत्महत्या गरेको तथ्याङ्क छ । यस तथ्याङ्कलाई औसतमा हेर्दा प्रतिदिन २० जनाले आत्महत्या गरेको देखिन्छ । यो तथ्याङ्क अघिल्ला वर्षहरूको तुलनामा तीव्र रूपमा भएको वृद्धि हो, जसले बढ्दो मानसिक स्वास्थ्य संकटलाई पनि उद्धृत गर्छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार विश्वमा सबैभन्दा बढी आत्महत्या गर्ने देशहरूमध्येको नेपालमा प्रतिएक लाख व्यक्तिमा नौ जनाले आत्महत्या गर्ने गरेका छन् । आत्महत्याका घटना लुकाउनु र रिपोर्टिङ नै कम हुनुले यो सत्त्यामा यकिन तथ्याङ्क भने पाउन सकिँदैन । आत्महत्याबाट सबैभन्दा बढी युवाले ज्यान गुमाएको तथ्याङ्क छ, जसमा १५ देखि २९ वर्ष उमेर समूहका व्यक्ति पर्छन् ।

यस प्रकार नेपालमा बढ्दो दरमा रहेको आत्महत्याका पछाडि धेरै कारण कारक रहेका छन् । मानसिक स्वास्थ्य विकारहरू (जस्तै : दुश्चिन्ता उदासीनता, डर, त्रास र अन्य मानसिक स्वास्थ्यमा आएका विचलन) नै आत्महत्याको जोखिम बढाउने महत्त्वपूर्ण कारक हुन् । विडम्बना, नेपालमा मानसिक स्वास्थ्य सेवाहरू सीमित छन्, प्रतिएक लाख व्यक्तिमा ०.१७ जना मनोचिकित्सक र मनोपरामर्शविद्हरू मात्र उपलब्ध हुनुले मानसिक स्वास्थ्य हेरचाहमा पहुँचको अभाव रहेको र मानसिक स्वास्थ्यका क्षेत्रमा विकराल समस्या रहेको दर्शाउँछ ।

आर्थिक कठिनाइ वा तनावका कारण पनि मानिसहरू आत्महत्याको तहमा पुगेको पाइन्छ । कोरोना महामारी र त्यसपछिको आर्थिक मन्दीले ग्रामीण तथा सहरी दुवै क्षेत्रमा थप आर्थिक संकट र दबाब बढाएको छ, जसले गर्दा मानसिक रोगीहरूको सत्त्यामा वृद्धि भई आत्महत्याका घटनामा समेत वृद्धि भएको छ ।

हामीकहाँ मानसिक समस्यालाई नकारात्मक रूपमा हेरिन्छ, जस कारण मानसिक स्वास्थ्यमा विचलन आएका व्यक्तिले मद्दत खोज्न र आफूहरूले दैनिक गर्नुपरेको सङ्घर्षबारे खुलेर कुरा गर्न सकिरहेका हुँदैनन्, जसले मानिसमा झनै एक्लोपन र निराशा निम्त्याउँछ ।

मादक पदार्थ वा लागु पदार्थको सेवन आत्महत्याको अर्को कारक हो । लागु पदार्थको सेवनले प्रायः मानसिक स्वास्थ्य अवस्थालाई बिगारी निर्णय क्षमतालाई कमजोर बनाउँछ र आत्महत्याको जोखिम बढाउँछ ।

मानवीय सम्बन्धमा दरार, वैवाहिक द्वन्द्व, घरेलु हिंसा र व्यक्तिगत समस्याहरू पनि आत्महत्याका अन्य कारण र कारक हुन् । विशेष गरी महिलाहरू यस्ता समस्याको जोखिममा हुन्छन् ।

आत्महत्या रोकथामका लागि हामी सबै (व्यक्ति, परिवार, समुदाय, सरकारी निकाय, गैरसरकारी संस्था र अन्य सरोकालवालाहरू)को बहुपक्षीय प्रयास अपरिहार्य छ । हाम्रा साना र ध्यान नपुगेका कार्यहरू आत्महत्याको जोखिममा रहेका मानिसका लागि ठुलो सहयोग हुन सक्छ । सरकारले विशेष गरी ग्रामीण र सेवा नपुगेका क्षेत्रमा मानसिक स्वास्थ्य सेवाको विस्तारलाई प्राथमिकता दिनुपर्छ । मानसिक स्वास्थ्यसँग सम्बन्धित परामर्शदाता स्वयंसेवक र कर्मचारीको सत्त्या बढाउने र मानसिक स्वास्थ्य सेवालाई प्राथमिक स्वास्थ्य सेवामा एकीकृत रूपमा समावेश गरिनुपर्छ । मानसिक स्वास्थ्य र आत्महत्यासँग सम्बन्धित सामाजिक अवहेलनाविरूद्ध लड्न सचेतना, शिक्षा र जागरूकता महत्त्वपूर्ण हुन्छ ।

*विभिन्न सञ्चार माध्यमले आत्महत्याका बारेमा रिपोर्ट गर्दा उत्तरदायी भूमिका निर्वाह गर्नुपर्छ । मुद्दालाई सनसनीपूर्ण बनाउन वा आत्महत्याको जोखिम निम्त्याउन सक्ने स्पष्ट विवरणहरू प्रदान गर्नबाट जोगिनका लागि सञ्चार आचारसंहिताजस्ता नैतिक दिशानिर्देश पालना गर्दै मानवीय संवेदनालाई समेत ख्याल गर्नुपर्छ ।*

सार्वजनिक अभियानहरूमार्फत मानसिक स्वास्थ्य साक्षरता प्रवर्द्धन गर्ने, मानिसलाई मद्दत खोज्न प्रोत्साहित गर्ने र मानसिक स्वास्थ्य समस्याहरू खुला रूपमा छलफल गर्न सकिने वातावरण सिर्जना गर्न सके केही हदसम्म आत्महत्याको जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

संवेदनशील समूह वा जोखिममा रहेका व्यक्तिलाई परामर्श दिनका लागि सहायता समूह गठन गर्न सकिन्छ । उनीहरूका समस्यामा छलफल गरेर उनीहरूको आत्मबल बढाउन वा उनीहरूलाई जीवनको मूल्य बुझाउन सकिन्छ । उनीहरूलाई संकट कसरी व्यवस्थापन गर्ने भनी सिकाउने वा परामर्श दिने हो भने आत्महत्याको जोखिम कम गर्न मद्दत पुग्छ । परामर्शदाता स्वयंसेवक, कर्मचारी, स्वास्थ्यकर्मी र समुदायका नेतालाई आत्महत्याका संकेत पहिचान गर्ने तालिम दिने र पहिचान भएका व्यक्तिलाई उचित व्यवहार गर्न सिकाउने हो भने आत्महत्या रोकथाममा धेरै ठुलो सहयोग पुग्न सक्छ । यस्ता कार्यले जोखिममा रहेका व्यक्तिलाई पहिचान गर्न र आवश्यक सहयोग प्रदानका लागि स्रोतहरूसँग जोड्न महत्त्वपूर्ण भूमिका खेल्छन् ।

विभिन्न सञ्चार माध्यमले आत्महत्याका बारेमा रिपोर्ट गर्दा उत्तर दायी भूमिका निर्वाह गर्नुपर्छ । मुद्दालाई सनसनीपूर्ण बनाउन वा आत्महत्याको जोखिम निम्त्याउन सक्ने स्पष्ट विवरणहरू प्रदान गर्नबाट जोगिनका लागि सञ्चार आचारसंहिताजस्ता नैतिक दिशानिर्देश पालना गर्दै मानवीय संवेदनालाई समेत ख्याल गर्नुपर्छ । यस प्रकार गरिएको जिम्मेवारीपूर्ण रिपोर्टिङले समस्यालाई कम गराउन र जागरूकता बढाउन विशेष योगदान गर्छ ।

### निष्कर्ष

आत्महत्या रोकथाम गर्न सकिन्छ । यसलाई सम्बोधन गर्न सामूहिक प्रयास आवश्यक छ । नेपालका जुन स्थानमा आत्महत्याको दर डरलाग्दो गतिमा बढिरहेको छ, त्यस स्थानमा कदम पहली गर्नु हामी सबैको साझा दायित्व हो ।

मानसिक स्वास्थ्य सेवाहरू बढाएर; सामाजिक लाञ्छना, दुर्व्यवहार र हेलाको भावना घटाएर; जोखिम समूहहरूलाई साथ-समर्थन दिएर; उदारता र मायालु वातावरण सिर्जना गरेर अनि खुलापन र हेरचाहको संस्कृतिलाई बढावा दिएर हामी आगामी दिनमा आत्महत्याको दर कम गर्न सहयोग गर्न सक्छौँ । हामीले यो बुझ्नु आवश्यक छ कि आत्महत्याभन्दा अगाडि मनोवैज्ञानिक, आर्थिक, सामाजिक लगायत धेरै कारण छन्, तसर्थ आजैबाट आत्महत्या रोकथामबारे संवाद सुरू गरौँ, दृष्टिकोण बदलौँ ।

*(लेखक ढकाल मनोसामाजिक परामर्शविद् हुन् ।)*

# यस कारण छोरी कम जन्मिएका हुन्, कि, जन्माइएका ?

केही तथ्यांकको साझा निचोड के छ भने छोरीको संख्या घट्दैछ । चाहे तपाईं पछिल्लो जनगणनाको तथ्यांक केलाउनुहोस् वा कुनै प्रसूति अस्पतालको जन्म विवरण हेर्नुहोस् । छोरी जन्मिने क्रम निरन्तर घट्दो छ । र, यो स्थिति कायम रहेमा कुनैबेला मुलुकमा लैङ्गीक असन्तुलन प्रष्ट देखिनेछ ।

छोरी जन्मिने क्रम घटेको हो वा कम जन्माइएको हो ? यो रोचकभन्दा पनि संवेदनशील प्रश्न हो । यहाँ तथ्यांकलाई हेरौं । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कलाई हेर्ने हो भने जनगणना अनुसार कुल ४ लाख १२ हजार ९३५ नवजात शिशुमध्ये २ लाख १८ हजार ७४ (५२.८ प्रतिशत) छोरा र १ एक लाख ९४ हजार ८६१ (४७.३ प्रतिशत) छोरी रहेको छ । जनगणना भएको वर्ष २०७८ सालमा ११२ बालक जन्मिंदा १०० बालिका जन्मिरहेको देखिन्छ ।

प्रसूति सम्बन्धी विशेषज्ञ सेवा दिने मुलुकको प्रमुख सरकारी अस्पताल परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा जन्मिएका शिशुहरूको तथ्याङ्क हेर्ने हो भने पनि छोरा जन्मिने सत्त्या बढी देखिन्छ । आर्थिक वर्ष २०७५/७६ मा अस्पतालमा कुल २२ हजार ३६२ शिशुको जन्म भयो । त्यसमध्ये छोरी १० हजार ४१६ छोरा ११ हजार ९४६ जना छन् ।

२०७६/७७ मा कुल २२ हजार ६८९ शिशुमध्ये छोरी १० हजार ५०५ छन् भने छोरा १२ हजार १८१ छन् । २०७७/७८ कुल २२ हजार २२२ शिशुमध्ये छोरी १० हजार ४३५ छन् भने छोरा ११ हजार ७८७ छन् । २०७८/७९ मा कुल २४ हजार ५९३ शिशुको जन्म भएकोमा छोरी ११ हजार ४१५ छोरा १३ हजार १७८ जना जन्मिएका छन् ।


२०७९/८० मा २४ हजार ९१४ जन्मेका शिशुमध्ये छोरा ११ हजार ५७७ छोरी १३ हजार ३३८ छन् । त्यस्तै २०८०/८१ मा कुल २२ हजार ६१२ शिशुमध्ये छोरी १० हजार ५१६ र छोरा १२ हजार ५७ छन् । प्रसूति गृहमा पाँच वर्षमा जन्मिएका १ लाख ३९ हजार ३९१ शिशुमध्ये छोरी ६४ हजार ९०४ र छोरा ७४ हजार ४८७ छ । पाँच वर्षको अन्तरालमा जन्मिएका छोराको सत्त्या छोरीको भन्दा ९ हजार ५८३ ले बढी छ ।

किन घट्दैछ छोरीको संख्या ?

त्रिभुवन विश्वविद्यालयको केन्िीय जनसत्त्या विभाग प्रमुख योगेन्बहादुर गुरूङका अनुसार नेपालमा छोरीको तुलनामा छोराको जन्म किन बढी भइरहेको छ भन्ने कुरामा धेरै कुरा जिम्मेवार छ । विश्वका धेरै देशमा प्रजनन् दर नै घट्दै गइरहेको छ । नेपालमा पनि यो दर घट्दै गएको छ । 'पहिले चार–पाँच जना सन्तान जन्माउँदा केही छोरा, केही छोरी जन्मन्थे । कसैकसैको मात्र कि छोराछोरा कि छोरीछोरी जन्मिन्थे । त्यसैले छेरा र छोरीको खासै चासो हुँदैन थियो' गुरूङ भन्छन्, 'तर जब प्रजनन् दर घट्दै जान्छ । तब छोरा चाहिं नभई नहुने, छोरी चाहिं नभए पनि हुन्छ भन्ने सोचतिर समाज गएको छ ।'

उनी अगाडि भन्छन्, 'हाम्रो समाज त पितृसत्तात्मक सोचले गाँजिएको छ । त्यसको प्रभावले गर्दा छोरा चाहिं जन्माउनैपर्छ भन्ने एउटा सोच छ । छोरले वंश धान्छ, छोराले नै वैतरणी तार्छ, सम्पत्ति खान्छ भनेर पनि छोरा नै जन्माउन चाहन्छन् । त्यसैले छोरा जन्मिने क्रम बढ्छ ।'

अहिले विभिन्न प्रविधिमार्फत गर्भमा हुर्कीरहेको सन्तान छोरा वा छोरी के हो भनेर हेर्न मिल्छ । आफूले चाहेको सन्तान जन्माउने गर्दा पनि छोरा जन्मिने दर बढेको हुनसक्ने उनी बताउँछन् ।
जनसंख्यालाई आधार मान्ने हो भने पनि जसको पहिलो सन्तानको रूपमा छोरा



जन्मिएको छ उनीहरूको छोरी हुँदैन । दुई सन्तान हुनेहरूको छोरा–छोरी, छोरी–छोरा छन् भने अर्को सन्तान जन्मेको हुँदैन । दुईजना छोरी छोरी छन् भने उनीहरूले अर्को छोरा जन्माउने गरेको पाइन्छ ।

'जनगणना भएको वर्ष २०७८ सालमा ११२ बालक जन्मिंदा १०० बालिका जन्मिरहेको देखिन्छ । धनुषामा भने १०० बालिका जन्मिंदा लगभग १२७ बालक जन्मेको देखिन्छ । यसले तराईमा छोरीको जन्मदर झन् कम भएको देखायो' उनी भन्छन् । महिला सशक्तीकरणको क्षेत्रमा सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय सङ्घसंस्थाले धेरै काम गरेका छन् । यसरी काम गरिरहँदा पनि नेपालमा कतिपय छोरी जन्मिनै पाउँदैनन् भने यसले त एउटा ठूलो प्रश्न खडा गर्छ । यसले त महिला सशक्तीकरणको क्षेत्रमा काम गराइ पुगेको छैन भन्ने कुरा औंल्याएको जनसंख्याविद् गुरूङ बताउँछन् ।

'महिला सशक्तीकरणका लागि उनीहरूको हक अधिकारको कुरा त हामी गर्छौं । तर यो कुरा सतही मात्र हो, मान्छेको मानसिकता र हृदयसम्म नै छोरीलाई माया, सम्मान गर्नुपर्छ भन्ने कुरा पुर्‍याउन सक्नुपर्छ । होइन भने छोरी जन्मिने क्रम क्रमशः घट्दै जान्छ' उनले भने ।

## छोरीको जन्म घट्नुले समाजमा कस्तो असर गर्छ ?

यसै गतिमा छोरीको जन्मदर घट्दै जाने हो भने नेपालमा छोरीको संख्या कम हुन्छ । यस्तो हुँदा विवाह गर्ने बेला केटाले केटी भेट्न नै गाह्रो हुने अवस्था सिर्जना हुनसक्छ । यस्तो हुँदा समाजमा यौनजन्य अपराधको घटना बढ्ने सम्भावना बढी हुने गुरूङ बताउँछन् । समाजमा यसरी छोरा जन्मिने क्रम बढ्दै जाने र छोरी जन्मिने क्रम घट्दै जाने हो भने लैङ्गिक विभेदलाई स्वीकार्ने सामाजिक मनोविज्ञान बन्ने समाज शास्त्री पौडेलले बताइन् । उनी भन्छिन्, 'साथै, छोरी जन्मिने क्रम घट्दा प्रजनन् दर घट्छ र कुल जनसत्त्यामा नै असन्तुलन आउँछ ।'

## छोरा बढी जन्मेको हो कि जन्माइएको हो ?

प्राकृतिक रूपमा नै पनि छोरीको तुलनामा छोरा जन्मिने क्रम केही मात्रामा बढी हुन्छ । तर छोरा जन्मिने क्रम धेरै नै बढेको छ भने त्यसमा अन्य कारण पनि जोडिएको हुनसक्ने प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. बालकृष्ण साह बताउँछन् ।

नेपालमा छोराको सत्त्या बढ्नुमा छोराको चाहनामा लिङ्ग पहिचान गरेर छोरीको गर्भपतन गराउनु, प्रजनन् दरमा कमी आउनु जिम्मेवार हुनसक्ने उनी बताउँछन् । छोरीको तुलनामा छोरा बढी जन्मिनुमा सामाजिक कारण छोरा चाहिन्छ भन्ने प्रवृत्ति धेरै भएको हुनसक्ने वरिष्ठ प्रसूति तथा स्त्रीरोग विशेषज्ञ सङ्गीता मिश्रा बताउँछिन् । लिङ्ग पहिचान गरेर भ्रूण हत्या गर्नु त कानुन विपरीत हो । तैपनि प्रविधिको प्रयोग गरेर लिङ्ग पहिचानबाट छोरी भए गर्भपतन गर्ने र छोरा भए जन्माउने भएर पनि यस्तो भएको हुनसक्छ तर यो कहाँ भइरहेको छ भन्ने कुरा भने यकिन भन्न सक्ने अवस्था नभएको मिश्रा बताउँछिन् ।

नेपाली समाजमा छोराछोरी बराबर हो, छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेत छ । तर केही नहुनु भन्दा छोरी हुनु ठीक हो तर सकेसम्म छोरा नै भइदिए हुन्थ्यो भन्ने लैङ्गिक विभेदले मनमा जरा गडेको छ । त्यही मानसिकताका कारण छोरा जन्मिने दर बढेको समाजशास्त्री मीना पौडेल बताउँछिन् ।

## कस्तो अवस्थामा छोरा कस्तो अवस्थामा छोरी जन्मिन्छ ?

छोरा वा छोरी के जन्मिन्छ भन्ने कुरा कुनै पनि दम्पतीले निर्धारण गर्न सक्ने कुरा होइन । गर्भको बच्चा छोरा हुने वा छोरी हुने कुरामा पुरूषको कुन क्रोमोजोमले महिलाको डिम्बलाई निषेचन गरेको छ, त्यही कुरामा निर्भर हुने प्रसूति तथा स्त्रीरोग विशेषज्ञ सुनिता व्यञ्जनकार बताउँछिन् ।

उनी भन्छिन्, 'चिकित्सा विज्ञानका अनुसार यौन सम्पर्कको क्रममा स्खलित हुँदा पुरूषले धेरै शुक्रकीट निस्कन्छन् । ती शुक्रकीटमा केही छोरा जन्माउने क्रोमोजोम हुन्छन् भने केहीमा छोरी । यसरी शुक्रकीट जब डिम्बसम्म पुग्छ, यसले डिम्बलाई निषेचित गर्छ ।'

डिम्ब न्युट्रल हुन्छन् अर्थात् न पुरूष न त महिला । डिम्बमा दुई 'एक्स' क्रोमोजोम मात्रै हुन्छन् भने शुक्रकीटमा 'एक्स' र 'वाई' दुवै क्रोमोजोम हुन्छन् । महिलाको एक्स क्रोमोजोम र पुरूषको वाई क्रोमोजोमको मिलन भएमा छोरा जन्मिन्छ भने महिलाको एक्स क्रोमोजोम र पुरूषको पनि एक्स क्रोमोजोम नै मिलन भयो भने छोरी जन्मिने डा. व्यञ्जनकार बताउँछिन् ।

## कस्तो हुनुपर्छ नीति ?

त्रिभुवन विश्वविद्यालय जनसंख्या अध्ययन केन्द्रीय विभागका प्रमुख प्रा. योगेन्द्रबहादुर गुरूङ भन्छन्, 'जनसंख्या यसरी घट्नु राम्रो कुरा होइन । अब सोचविचार गरेर अर्को नीति बनाउनुपर्छ । राज्यले छोरा र छोरीबीचको असमानता हटाउन कानुनी व्यवस्था गर्नुपर्छ ।'

नेपालमा रहेका १४२ जातजातिमध्ये केही समुदायको जनसंख्या एक हजार भन्दा कम रहेको र प्रजननदर घट्दै गएमा ती समुदायको अस्तित्व नै संकटमा पर्न सक्ने उनी चेतावनी दिन्छन् । 'केही समुदायमा प्रोत्साहन गरेर छोराछोरी समान रूपमा जन्माउने कानुन ल्याउनुपर्छ' गुरूङ सुझाउँछन् । पछिल्लो लैङ्गिक अनुपातको असर अहिलेका बालबालिका विवाह गर्ने उमेरमा पुग्दा देखिने भन्दै परिस्थिति विगतको चीनकै जस्तो हुन सक्ने उनको आकलन छ ।

*–अनलाइनखबरबाट*

नगरौं विवाहका कुराः
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।


बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लब, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढन देउ, विवाह हैन पढन देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !
- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सबै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुर्‍याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।
थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# हेटौंडा उपमहानगरले ६ महिनामा १० करोड ७४ लाख रुपैयाँभन्दा बढी राजस्व संकलन गर्यो

◆ विकास संवाददाता

हेटौँडा उपमहानगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ को ६ महिनामा १० करोड ७४ लाख रूपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ। उपमहानगर पालिकाको राजस्व शाखाका प्रमुख मनोज सुवेदीका अनुसार चालु आवको साउनदेखि पुससम्ममा उपमहानगरपालिकाले विभिन्न शीर्षकमा १० करोड ७४ लाख ३७ हजार ९९३ रूपैयाँ राजस्व संकलन गरेको छ।

यो चालु आर्थिक वर्षको ६ महिनामा सम्पत्ति करबाट ४ करोड ९४ लाख ६१ हजार, घरबहाल करबाट २ करोड ८१ लाख ७३ हजार, नक्सापास दस्तुरबाट २ करोड ७६ लाख ६५ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट २ करोड १८ लाख ७५ हजार, सिफारिस दस्तुरबाट १ करोड ६२ लाख ८३ हजार



,आर्थिक वर्षबहाल बिटोरी करबाट १ करोड ३३ लाख ९२ हजार, व्यवसाय करबाट १ करोड ८३ लाख ११ हजार राजस्व संकलन भएको प्रमुख सुवेदीले जानकारी दिए।

बक्यौता असुलीमा गरिएको कडाइ, करको दर र दायरा दुवैमा भएको वृद्धि, नक्सा अभिलेखीकरण तथा आन्तरिक आयस्रोतमा भएको वृद्धिलगायत कारणले चालु आर्थिक वर्षको ६ महिनामा राजस्व संकलनमा वृद्धि भएको प्रमुख सुवेदीको भनाइ छ।

# सोनाम ल्होसारमा ३ दिन विदा दिने राक्सिराङ गाउँपालिकाको निर्णय



◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकाले तामाङ समुदायको पर्व सोनाम ल्होसारको अवसरमा तीन दिन बिदा दिने निर्णय गरेको छ। गाउँपालिकाले एक सूचना जारी गर्दै पर्वको अवसरमा माघ १६, १७ र १८ गते पालिकाभर सार्वजनिक बिदा दिने निर्णय गरेको हो।

मञ्जुश्री संवत् २८६१ डुल लो-सर्व वर्ष ल्हो सोनाम ल्होसारको अवसरमा गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले एक शुभकामना सन्देश जारी गर्दै तीन दिन सार्वजनिक बिदा दिने निर्णय भएको बताए। सोनाम ल्होसारको उपलक्ष्यमा गाउँपालिका अध्यक्ष मल्लले शुभकामना सन्देश दिँदै स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण तामाङ समुदायमा सुस्वास्थ्य, दीर्घायु, सुख र समृद्धिको कामना गरेका छन्। साथै तीन दिनसम्म गाउँपालिका भित्रका सार्वजनिक कार्यालय, सरकारी कार्यालय, शिक्षण संस्था एवम् बैंक तथा वित्तीय संस्था बन्द रहने उनले बताए। उनले पालिकामा तामाङ बाहुल्य रहेकोले पर्व खुशियालीपूवर्क मनाउने तीन दिन बिदा दिएको बताए।

उनले यस पर्वले बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, जातीय विविधतायुक्त यस गाउँपालिकाका सम्पूर्ण जनतामा आपसी सद्भाव, सामाजिक एकता र भ्रातृत्व कायम गर्ने अपेक्षा सहित बन्धुत्व, प्रेम र समताको भावना बढाई शान्त, समुन्नत तथा समृद्ध राक्सिराङ् बनाउन सबैमा प्रेरणा प्रदान गरोस् भनी शुभकामना दिएका छन्।

# बकैयामा विद्यालय र स्वास्थ्य चौकीलाई ल्यापटप प्रिन्टर सेट



◆ विकास संवाददाता

मकवानपुरको बकैया गाउँपालिकाका विद्यालय र स्वास्थ्य चौकीलाई ल्यापटप र फोटोकपीसहितको प्रिन्टर मेशिन दिएको छ। चालु आर्थिक वर्ष २०८१/८२ को उपकरण सहयोग कार्यक्रमबाट बकैया गाउँपालिका वडा ११ स्थित विद्यालय र स्वास्थ्यचौकीलाई ल्यापटप र फोटोकपीसहतिको प्रिन्टर दिएको हो। गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेलगायतले विद्यालय र स्वास्थ्य चौकीलाई ल्यापटपसहितको उपकरण हस्तान्तरण गरे।

बकैया गाउँपालिका ११ गमलटार स्थित प्रगतिशील प्रावि, आहालडाँडास्थित बुद्ध प्रावि, मोरङ्गेस्थित लालकिरण प्रावि., पीपलडाँडा बेंसीस्थित बाघ भैरव प्रावि. र बकैया गाउँपालिका ११ सिमातस्थित स्वास्थ चौकीलाई एक/एक थान गरी पाँच वटा ल्यापटप प्रदान गरिएको बकैया गाउँपालिका-११ का वडाध्यक्ष गोपालबहादुर लामाले जानकारी दिए। उनका अनुसार वडाको प्रगतिशील प्राविलाई एक थान फोटोकपीसहितको प्रिन्टर मेसिन हस्तान्तरण गरिएको छ।

# बागमती प्रदेश सरकारले योजना बैंक सञ्चालन गर्ने



◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले आयोजना बैंक निर्माण तथा सञ्चालन गर्ने भएको छ। बागमती प्रदेश सरकारले यसअघि पनि योजना बैंक बनाउने भने पनि हालसम्म बनाृन सकेको थिएन। तर प्रदेश नीति तथा योजना आयोग अन्तर्गत रहने गरी सरकारले आयोजना बैंक निर्माणको काम अन्तिम अवस्थामा पु¥याएको जनाएको छ। प्रदेश सरकारको बजेट विनियोजन प्रणालीलाई व्यवस्थित गर्न र योजना छनोट कार्य प्रभावकारी बनाउन आयोजना बैंक निर्माण तथा सञ्चालनको तयारी भएको हो। केही प्रशासनिक कार्य सकेर आयोगले आयोजना बैंक सञ्चालन गर्ने प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष गंगादत्त नेपालले जानकारी दिए।

उपाध्यक्ष नेपालका अनुसार आयोजना बैंकको अधिकांश काम सम्पन्न गरी प्रणालीसमेत विकास भइसकेको छ। केही प्राविधिक कार्य सम्पन्न गरेर आयोजना छनोट सम्बन्धी प्रशिक्षण गराएसँगै सञ्चालनमा ल्याउने गरी काम भइरहेको उनले बताए। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा आयोजना बैंकको व्यवस्था छ। आयोजना बैंकको औचित्य र अपरिहार्यताका विषयलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० र ११ लेसमेत पुष्टि गरेको उपाध्यक्ष नेपालको भनाइ छ।

आयोजना बैंक सञ्चालनका लागि आयोगले नीति तथा योजना तर्जुमा, आयोजना बैंक व्यवस्थापन, विधि र मापदण्डसहित आवधिक अनुगमन तथा मूल्याङ्कन, नीतिगत तथा कार्यगत अध्ययन अनुसन्धान कार्य गरेको छ। तीन तहको सरकारबिच समन्वय गरेर आयोजना बैंक सञ्चालनको तयारी गरिएको उनले बताए। आयोजना बैंक सञ्चालनका लागि आयोगले अन्तरप्रदेश, विकास साझेदार संस्थाहरूसँग समेत समन्वय गरेको छ।

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि ट्याङ्की ब्यबस्थापनको लागि ट्याङ्की सेवा सुरु गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# गुणस्तरीय शिक्षाका लागि स्थानीय सरकार प्रतिवद्धः नगर प्रमुख बिष्ट




◆ विकास संवाददाता

थाहा नगरपालिका नगर कार्यपालिकाका प्रमुख बिष्णु बहादुर बिष्टले सामुदायिक विद्यालयको उचीत व्यवस्थापन गरी व्यावहारिक तथा रोजगार मूलक शिक्षामा लाग्नुपर्ने बताएका छन् । थाहानगरको १० नम्बर वडाको विसिङ्खेलमा रहेको चम्पाकेश्वर आधार भुत विद्यालयको १४ माघमा ६३ औं वार्षिकोत्सवको उद्घाटन गर्दै प्रमुख विष्टले यस्तो बताएका हुन् । विष्टले सामुदायिक विद्यालयलाई अगाडी बढाउन नगरपालिकाको तर्फबाट हरकदम सहयोग गर्न तयार रहेको उल्लेख गरे । उनले गुणस्तरीय शिक्षाका लागि स्थानीय सर कार लागिरहेकोले त्यसमा अभिभावक, शिक्षक, विद्यार्थीहरू सबैले गुणस्तरीय शिक्षामा ध्यान दिनुपर्ने बताए ।

कार्यक्रममा विद्यालयकोतर्फबाट वार्षिक प्रगति प्रतिवेदन प्रधानाध्यापक बिनोद सुवेदीले प्रस्तुत गरेका थिए । प्रतिवेदनमा प्रधानाध्यापक सुवेदीले विद्यालयमा १ सय १५ जना विद्यार्थीहरूले अध्ययन गरिरहेको, विद्यालयमा अध्ययनर त विद्यार्थीहरूलाई विद्यालय तथा विभिन्न संस्था तथा व्यक्तिहरू तथा नगरपालिकाले सहयोग प्रदान गर्दै आएको उल्लेख गरे ।

यसैबीच विद्यालयका विभिन्न विधामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कार तथा पुर्व विद्यार्थी बैकुण्ठ थापा र पुर्व जनप्रतिनिधि रामकृष्ण गमालले उपलब्ध गराएको शैक्षिक सामाग्री प्रदान गरिएको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खिन्द्र बहादुर थापाकोको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिका शिक्षा शाखा अधिकृत सुर्य बहादुर थिङ, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष रमेश मगर, पूर्व विद्यार्थी तथा र ाष्ट्रिय स्वतन्त्र पार्टीका नेता बैकुण्ठ थापा, पूर्व जनप्रतिनिधि रामकृष्ण गमाल, नाटेश्वर माबिका प्रधानाध्यापक धर्मेन्द्र अर्याल, पूर्व जनप्रतिनिधि दिपक गोपालीले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा थाहा १० का वडा सदस्य बिनोद कुमार बस्नेत, इलाका प्रहरी कार्यालय चित्लाङका प्रहरी सहायक निरीक्षक लालमणी सिवाकोटी, टौखेल सहरी स्वास्थ्य केन्द्रका प्रमुख जोकमान बलामी, पूर्व अध्यक्ष कर्ण बहादुर गोपाली, शिक्षक अभिभावक संघका अध्यक्ष राजन थापालगायत शिक्षक, अभिभावक, विद्यार्थी ,व्यवस्थापन समितिका सदस्यहरूको उपस्थिति रहेको थियो।

# कृषिमा यान्त्रीकरणमार्फत् उत्पादन बढाउन किसानलाई ७ थरीका यन्त्र सहयोग

◆ विकास संवाददाता



कृषिमा यान्त्रीकरणमार्फत् उत्पादन लागत घटाई आय आर्जनमा वृद्धि गर्ने उद्देश्यले थाहा नगरपालिकाको वडा नम्बर ४ मा विभिन्न ७ थरीका कृषि यन्त्रहरू वितरण गरिएको छ । थाहा नगरपालिकाले स्थानीय सेतोगुराँस कृषक समूहसँग सहकार्य गरी ५० प्रतिशत अनुदानमा कृषि यन्त्र वितरण गरेको हो ।

१४ माघमा थाहा नगरपालिका वडा नम्बर ४ किटेनीमा एक कार्यक्रमको आयोजना गरी वितरण गरिएको सामग्रीहरूमा मिनिटिलर, डिपि पाइप, सिल्पोलिन, मल्चिङ प्लास्टिक र स्प्रेयर रहेका छन् । वितरण गरिएको सामग्रीमा सबैभन्दा बढी मिनिटिलर रहेको छ । कृषकहरूलाई मिनिटिलर पेट्रोल ७ एच पि ४० वटा, मिनिटिलर डिजेल ७ एच पि १० वटा र मिनिटिलर सानो १ वटा वितरण गरिएको थाहा नगरपालिका कृषि विकास शाखाका प्रमुख संजय तिवारीले जानकारी दिए । त्यसैगरी २० एम एम एच डिपि पाइप तीन हजार मिटर, सिल्पोलिन ९० जिएसएममा ५ थान, मल्चिङ २५ माइक्रोन ९ थान र स्प्रेयर डियुल १० वटा वितरण गरिएको छ ।

थाहा नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष नारायण लामाको प्रमुख आतिथ्यतामा वितरण कार्यक्रम भएको थियो । कार्यक्रममा प्रमुख अतिथि लामाले वडामा पहिलोपटक एकसाथ यति धेरै कृषि यान्त्रिक सामग्रीहरू वितरण गरि एको बताए । उनले थाहा नगरपालिका कृषि विकास शाखालाई धन्यवाद दिँदै आगामी दिनमा थप सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे । सोही अवसरमा थाहा नगरपालिका आर्थिक विकास समितिका संयोजक एवम् वडा नम्बर ३ का वडा अध्यक्ष हिरेन्द्रकुमार रायमाझीले वितरित सामग्रीहरूको सदुपयोग गर्न र सामुहिकतामा विश्वास गर्न आग्रह गरे ।

त्यसैगरी कृषि प्रसार अधिकृत तिवारीले कृषिमा यान्त्रीकरणका कारण लागत घटाउने र उत्पादकत्व बढाउने भएकोले अहिले कृषकहरू आधुनिक प्रविधितर्फ आकर्षित भइरहेको बताए । संघीय सरकारबाट प्राप्त १२ लाख रुपिया अनुदान र कृषकहरूको १२ लाख गरी कूल २४ लाखमा सामग्रीहरू खरिद गरिएको उनले जानकारी दिए ।

सेतोगुराँस कृषक समूहका अध्यक्ष श्रीकृष्ण केसीको अध्यक्षतामा भएको औपचारिक कार्यक्रममा वडा नम्बर ४ का वडा सदस्य सुन्दरराज केसी, थाहा नगरपालिका कृषि विकास शाखाका अधिकृतद्वय बालकुमारी भट्टराइ, प्रदिप गुरूङ, रोजगार संयोजक कुमार नेगी, कृषि प्राविधिक राजकुमार श्रेष्ठ, रोहिणी स्याङ्तान, पशु पाविधिक रूपेशकुमार मिश्रलगायतको सहभागिता रहेको थियो । कार्यक्रम आयोजक सेतोगुराँस कृषक समूहका सचिब गणेश लामाले सञ्चालन गरेका थिए ।

# विपद व्यवस्थापनमा इन्द्रसरोवरसहित ३ पालिकालाई सहयोग प्राप्त

◆ विकास संवाददाता

जिल्ला प्रशासन कार्यालय मकवानपुरले आर्थिक वर्ष २०८१/०८२ को अर्धवार्षिक प्रगति विवरण सार्वजनिक गरेको छ । कार्यालयले ७ माघमा पत्रकार भेटघाट कार्यक्रमको आयोजना गर्दै चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्मको अवधिमा सम्पन्न गरेका काम कारवाहीको विषयमा जानकारी गराएको हो ।

६ महिनाको अवधिमा द्वन्द्वपीडितहरूको नामावली अद्यावधिक गरि १२ जना घाइते तथा अपांगता भएका व्यक्तिलाई जम्मा ४ लाख ५५ हजार चार सय जीवन निर्वाह भत्ता उपलब्ध गराइएको सहायक प्रमुख जिल्ला अधिकारी धोलकराज ढकालले जानकारी दिए । गतवर्षबाट जिम्मेवारी सरेर आएका ८७ दशमलव ५७ प्रतिशत र यस आर्थिक वर्षको ७५ प्रतिशत मुद्दा फछ्र्यौट गरिएको सहायक प्रमुख जिल्ला अधिकारी ढकालले बताए । चालू आर्थिक वषको हालसम्म राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट ११ हजार राष्ट्रिय परिचय पत्र कार्ड छापिएर आएकोमा ७ हजार ५ सय ९० वटा वितरण गरिएको उनले बताए ।

त्यस्तै यस अवधिमा ५ हजार ५ सय ९० जनाले वंशजका आधारमा नागरि कता लिएका छन् । ४ जनाले वैवाहिक अंगिकृत नागरिकता लिएका छन् भने १३ जना गैरआवासियले नागरिकता पाएका छन् । कार्यालयले ३९ पटक गरेको बजार अनुगमन गरेको प्रगती प्रतिवेदनमा उल्लेख छ । असोज ११ र १२ गतेको विपद्बाट प्रभावितलाई हालसम्म ४३ लाख ४० हजार राहत प्रदान गरिनुका साथै संकटग्रस्त क्षेत्र घोषणा भएका इन्द्रसरोवर गाउँपालिकाको लागि ७५ लाख, बकैया र भीमफेदीको लागि ५०/५० लाख राहत तथा पुर्नस्थापनाका लागि पठाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

सो अवसरमा नेपाल पत्रकार महासंघका नवनिर्वाचित समितिलाई प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले सम्मान तथा बधाईज्ञापन गरे ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४ . पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।






समयमै व्यक्तिगत घटना दर्ता गरौं।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# राजश्व बाँडफाँडको रकमबाट प्रशासननिक खर्च गर्न नपाइने

◆ विकास संवाददाता

संघीय सरकारले स्थानीय सरकार (स्थानीय तह) र प्रदेश सरकारलाई उपलब्ध गराउने प्राकृतिक स्रोतको रोयल्टी (राजस्व) रकमलाई प्रशासनिक खर्च गर्न नपाउने व्यवस्था प्रस्ताव भएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आफ्नो प्रतिवेदन मार्फत यस्तो सुझाव दिएको हो । प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटको विद्यमान संरचनाको पुनरवलोकनसम्बन्धी अध्ययनु प्रतिवेदन सार्वजनिक गर्दै आयोगले रोयल्टीलाई प्रशासनिक खर्चका रूपमा खर्च गर्न नसक्ने गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन संशोधन गर्न समेत सुझाव दिएको छ ।

'अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले रोयल्टीलाई पनि राजस्व बाँडफाँटका रूपमा परिभाषित गरेको छ । सोही ऐनको दफा २१ (४) ले प्रदेश तथा स्थानीय तहले आफ्नो आन्तरिक आय र राजस्व बाँडफाँटबाट प्रशासनिक खर्च पुग्ने गरी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था गरेकामा रोयल्टीबाट प्राप्त रकम प्रशासनिक खर्चका रूपमा खर्च गर्न नसक्ने गरी उक्त ऐनमा संशोधन गर्ने' प्रतिवेदनमा आयोगको सुझाव छ । यो प्रस्ताव अनुसार अब राजश्व बाँडफाँड शीर्षकबाट प्राप्त बजेटबाट स्थानीय तहले तलबभत्ता र कार्यालय सञ्चालनमा खर्च गर्न पाउने छैनन् ।

आयोगले यसको विकल्पमा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी रकमलाई प्राकृतिक स्रोतको संरक्षणमै उपयोग गर्न सुझाव दिएको छ । प्राकृतिक स्रोतको परिचालनबाट उत्पन्न प्रतिकूल प्रभाव व्यवस्थापनमा नै खर्च गर्ने गरी आवश्यक कानुनी व्यवस्था मिलाउनु प्रतिवेदनमा उल्लेख छ । यसका लागि ऐन, नियम, मार्गदर्शन निर्माण गर्नुपर्ने आयोगको प्रस्ताव छ । आयोगले वन र संरक्षित क्षेत्र सम्बन्धमा सङ्घ र प्रदेशको अधिकार र जिम्मेवारी फरक भएकाले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा वन र संरक्षित क्षेत्रलाई अलग अलग शीर्षकमा रहने गरी ऐन संशोधन गर्ने सुझाव छ ।

रोयल्टीबाट प्राप्त रकमको निश्चित अंश प्रभावित क्षेत्र र समुदायमा पुग्ने गरी खर्च गर्नुपर्ने आयोगले सिफारिस गरेको छ । त्यसरी खर्च गर्दा स्रोतको संरक्षण एवं व्यवस्थापनमा लगाउनुपर्ने सर्तसहितको कानुनी व्यवस्था मिलाउनुपर्ने सुझाव पनि आयोगले दिएको छ । पर्वतारोहण र संरक्षित क्षेत्रबाट गैरसरकारी संस्थाहरूद्वारा रोयल्टी संकलन र त्यसको केही अंश उपयोग गर्ने गरिएको गुनासोलाई सम्बोधन गर्न त्यसलाई सङ्घीय विभाज्य कोषमार्फत अन्य रोयल्टी जस्तै सूत्रमा आधारित भएर तिनै तहका सरकारबिच बाँडफाँट हुने व्यवस्था मिलाउनुपर्ने आयोगको राय छ ।

संरचनात्मक परिवर्तन अन्तर्गत आयोगले केही व्यवस्थापकीय सुधारका सुझावसमेत पेस गरेको छ । खास गरी ढुङ्गा, गिट्टी र बालुवा उत्खनन र बिक्रीलाई रोयल्टीको दायराभित्र ल्याएर तहगत सरकारका बिच बाँडफाँट गर्ने प्रणालीलाई व्यवस्थित गर्नुपर्ने आयोगको सुझाव छ । यसको कार्यान्वयनको जिम्मेवारी आयोग, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई कार्यान्वयनको जिम्मेवारी तोकिएको छ ।

त्यस्तै सरकारहरूको कार्यसम्पादन मूल्याङ्कन सूचकलाई प्रदेश र स्थानीय तहहरूबिच हुने रोयल्टी बाँडफाँटको आधार र ढाँचामा समावेश गर्ने, पर्वतारोहण, वन, खानी तथा खनिज स्रोतको परिचालनबाट प्रदेश सरकार र स्थानीय तहले पनि रोयल्टी संकलन गर्ने गरिएकोमा त्यसलाई एकद्वार प्रणालीमा व्यवस्थित गर्ने, प्रदेश तथा स्थानीय तहको सफ्टवेयरमा रोयल्टी शीर्षकबाट प्राप्त रकमको अलग शीर्षकसहित हिसाब हुने गरी व्यवस्था मिलाउने जस्ता सुझाव पनि आयोगले दिएको छ । प्राकृतिक स्रोत र त्यसको परिचालन कम भएका र रोयल्टी सिर्जना गर्न सक्ने स्रोतको अभाव भएका स्थानीय तहले रोयल्टी नपाउने गुनासो भए पनि प्रभावित क्षेत्रलाई प्रभावित भएको आधारमा समन्यायिक बाँडफाँटको सिद्धान्तभन्दा बाहिर जान नसकिने भएकाले आयोगले अहिलेकै संरचनालाई यथोचित राख्न सुझाव दिएको छ ।

त्यस्तै खानीदेखि मुख्य मार्गसम्मको बाटोको लम्बाइमध्ये सम्बन्धित स्थानीय तहमा पर्ने बाटोको लम्बाइको अनुपातका आधारमा सूचक तयार गरी सम्बन्धित स्थानीय तहबिच बाँडफाँट उपयुक्त हुने आयोगले राय दिएको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा प्रत्येक पाँच वर्षमा रोयल्टी बाँडफाँटको अनुपात पुनरवलोकन गर्नुपर्ने व्यवस्था भएबमोजिम आयोगले पहिलो पटक यस्तो संरचनात्मक सुझावसहितको प्रतिवेदन पेस गरेको हो । आयोगको सिफारिसका आधारमा मन्त्रीपरिषद्ले निर्णय गरेर राजपत्रमा प्रकाशित गरेपछि संशोधित अनुपात कार्यान्वयनमा ल्याउन सक्ने ऐनमा व्यवस्था छ ।

# प्राकृतिक स्रोत रोयल्टी वितरण अनुपातमा ब्यापक फेरबदल

◆ विकास संवाददाता

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तयार पारेको प्रतिवेदनमा प्राकृतिक स्रोतको रोयल्टी वितरण अनुपातमा व्यापक फेरबदल गरेको छ । प्राकृतिक स्रोतको शीर्षक अनुसारको फरक फरक अनुपात तोकी वित्त आयोगले प्रतिवेदन तयार पारेको हो ।

प्रतिवेदननमा तीन तहका सरकारबीच वितरण गरिने प्राकृतिक स्रोतको रोयल्टीको नयाँ अनुपातसहितको प्रतिवेदन तयार पारेको छ । आयोगले हालै तयार पारेको प्रतिवेदन सबै तहका सरकार लाई पठाउँदै सात दिनभित्रमा राय सुझाव दिन अनुरोधसमेत गरेको छ । प्रतिवेदनका अनुसार प्राकृति स्रोत अन्तर्गतको रेडियो फ्रिक्वेन्सीवापत सबैभन्दा बढी संघीय सरकारले रोयल्टी पाउने प्रस्ताव छ । प्रदेश सरकारले राष्ट्रिय वनमार्फत सबैभन्दा बढी र ोयल्टी पाउँदा स्थानीय सरकारले खानी तथा खनिजमार्फत बढी रोयल्टी पाउनेछ ।

आयोगलाई हरेक पाँच वर्षमा तीन तहका सरकारलाई वितरण गरिने रोयल्टीको अनुपात तोक्ने अधिकार छ । सोहीअनुसार हालसम्म यस्तो अनुपात संघीय सरकारमा ५० प्रतिशत तथा प्रदेश र स्थानीय तहमा २५/२५ प्रतिशत रहने व्यवस्था छ ।

कृषि विकास शाखाको सूचना !

सूचना प्रकाशित मिति:२०८१/०९/२८

थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर मकवानपुरको आर्थिक २०८१/८२ स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५०% अनुदानमा मिनिटिलर वितरण कार्यक्रम (७ एच.पि. पेट्रोल) रहेको हुँदा आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले ३० दिन भित्र थाहा नगरपालिका भित्रका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरू:

१. निवेदन-१ प्रति लेटरहेडमा (अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समुह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुबै तिर देखिने गरी प्रतिलिपि-१ प्रति
३. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि-१ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि-१ प्रति
५. पान दर्ता प्रमाणपत्रको प्रतिलिपि-१ प्रति

अन्य जानकारीको लागि: मोबाइल नम्बर ९८४५१०३३४१ र ९८४५०७२२०० वा इमेल adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

थाहा नगरपालिका
कृषि विकास शाखा
इन्द्रायणी चौर मकवानपुर

अनलाइन ठगी हुनबाट बचौं !

– अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ,
– अपरिचित व्यक्तिलाई आफ्नो इमेल वा अन्यको पासवर्ड, बैंकको युजर जस्ता संवेदनशील सूचना नदिऔं,
– बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,
– आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं.
– अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइबर ब्युरोमा उजुरी वा जानकारी गराऔं,
– अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,
– अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

